# संवत् २०८० साल (नेपाल संवत् ११४४) मङ्सिर ७ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विद्युतीय सुशासन आयोगको रिक्त सदस्य पदमा साविक कञ्चनपुर जिल्ला निवासी पूर्ण बहादुर कुँवरलाई नियुक्त गर्ने। |
| २ | अर्थ मन्त्रालय | रु.१०० दरका १० हजार थान स्मारिका सिक्का टकमरी गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिने। |
| ३ | अर्थ मन्त्रालय | खाद्य तथा पोषण सुरक्षा आयोजना- दोस्रोका लागि विश्व बैंकमार्फत प्राप्त हुने दुई करोड अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने। |
| ४ | अर्थ मन्त्रालय | प्राविधिक शिक्षाको क्षेत्रमा स्वीट्जरल्याण्ड सरकारले प्रदान गर्ने स्वीस फ्रेन्क ४.४६५ मिलियन (करिव रु. ६५ करोड) अनुदान सहायता स्वीकार गर्ने। |
| ५ | कानुन,न्याय तथा संसदीय मामिला मन्त्रालय | नयाँ दिल्लीमा सञ्चालन हुने 1st Regional Conference on Access to Legal Aid: Strengthening Access to Justice in the Global South मा सहभागिताका लागि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्ग र सचिव श्री उदयराज सापकोटाको भ्रमण स्वीकृत गर्ने। |
| ६ | कानुन,न्याय तथा संसदीय मामिला मन्त्रालय | Sao Paulo, Brazil मा आयोजना हुने Ministerial Round Table of the third edition of the UNESCO Global Forum against Racism and Discrimination मा सहभागिताका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ्गको भ्रमण स्वीकृत गर्ने। |
| ७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को अनुसूचीमा इलेक्ट्रोनिक्स, कम्युनिकेशन एण्ड इन्फरमेशन इन्जिनियरिङ्ग र इलेक्ट्रोनिक्स, कम्युनिकेशन एण्ड अटोमेशन इन्जिनियरिङ्ग बिषयहरु थप गर्ने। |
| ८ | रक्षा मन्त्रालय | नेपाली सेनाका उपरथी ताराध्वज पाण्डेको राजीनामा स्वीकृत गर्ने। |
| ९ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदका ७१ जना कर्मचारीहरूलाई पदस्थापन, सरुवा तथा कामकाज गर्न खटाउने। |
| १० | शहरी विकास मन्त्रालय | २०८० मंसिर २० गते United Arab Emirates को Dubai मा आयोजना हुने Ministerial Meeting on Urbanization and Climate Change COP28 कार्यक्रममा माननीय शहरी विकास मन्त्री सीता गुरुङ्गलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ११ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | आगामी २०८० मंसिर १५ देखि १९ (तदनुसार १ देखि ५ डिसेम्बर, २०२३) सम्म यूएईमा आयोजना हुने COP२८ Health Day and Climate-Health Ministerial विषयक कार्यक्रममा नेपाल सरकारलाई थप आर्थिक व्ययभार नपर्ने गरी माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेतलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १२ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (ऊर्जा) श्री दिनेशकुमार घिमिरेले आफ्नो पदबाट दिनुभएको राजीनामा निजामती स्वीकृत गर्ने। | |

## संवत् २०८० साल (नेपाल संवत् ११४४) मंसिर १३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | जाजरकोट केन्द्र बनाई २०८० कात्तिक १७ गते राति गएको भूकम्पबाट प्रभावित घरपरिवारका लागि अस्थायी आवास निर्माणका लागि जनशक्ति अभाव भएमा प्रमुख जिल्ला अधिकारीले जिल्ला सुरक्षा समितिबाट निर्णय गराई नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सैनिक तथा प्रहरीहरूलाई निर्माण कार्यमा खटाउने। साथै, भूकम्प प्रभावित जिल्लामा यसरी खटाउन पर्याप्त सैनिक तथा प्रहरी उपलब्ध नभएमा भूकम्प प्रभावित जिल्लाको जिल्ला सुरक्षा समितिको निर्णयबाट माग भएबमोजिम नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलबाट तत्काल त्यस्तो जनशक्ति उपलब्ध गराउने। | |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | माल्दिभ्सको मालेमा २०८० साल मंसिर २७ देखि २८ आयोजना हुने Ministerial Meeting मा महान्यायाधिवक्ता डा. दिनमणि पोखरेललाई सहभागी हुन स्वीकृति दिने। |
| ३ | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | आगामी २०८० मंसिर १६-२० सम्म युनाइटेड अरब इमिरेट्सको आबुधावीमा आयोजना हुने COP-२८ को International Solar Alliance को सम्मेलनमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री श्री शक्ति बहादुर बस्नेतलाई सहभागी हुन स्वीकृति दिने। |
| ४ | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | न्याय परिषद्को सिफारिसबमोजिम राजश्व न्यायाधिकरण पोखराको कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत पोखराका माननीय न्यायाधीश श्री राजन प्रसाद भट्टराई, विराटनगरको कानून सदस्य तथा अध्यक्ष पदमा उच्च अदालत विराटनगरका माननीय न्यायाधीश श्री विपुल न्यौपाने र काठमाडौंको कानून सदस्य तथा अध्यक्ष पदमा उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री रमेश ढकाललाई तोक्ने। |
| ५ | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | न्याय परिषद्को सिफारिसबमोजिम वैदेशिक रोजगार न्यायाधिकरणको अध्यक्ष पदमा उच्च अदालत दिपायलका माननीय न्यायाधीश श्री कृष्ण गिरीलाई तोक्ने। |
| ६ | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | न्याय परिषद्को सिफारिसबमोजिम सैनिक विशेष अदालतको अध्यक्ष पदमा उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री लेखनाथ पौडेललाई तोक्ने। |
| ७ | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | न्याय परिषद्को सिफारिसबमोजिम विशेष अदालतको अध्यक्ष पदमा उच्च अदालत दिपायलका माननीय न्यायाधीश श्री टेकनारायण कुँवरलाई र सदस्य पदमा उच्च अदालत जनकपुर, राजविराज इजलासका माननीय न्यायाधीश श्री तेजनारायण सिंह राई, उच्च अदालत |

| | | |
|---|---|---|
| | | विराटनगर धनकुटा इजलासका माननीय न्यायाधीश श्री रामबहादुर थापा, उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री मुरारी बाबु श्रेष्ठ र उच्च अदालत विराटनगरका माननीय न्यायाधीश श्री रितेन्द्र थापालाई तोक्ने। |
| ८ | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को अनुसूची १० मा लम्पि स्किन डिजिज तथा अफ्रिकन स्वाईन फिभर रोग थप गरी संशोधन गर्ने। |
| ९ | गृह मन्त्रालय | राष्ट्रिय सभा सदस्यको रिक्त पद पूर्तिका लागि संवत् २०८० साल माघ महिनाको ११ गते बिहीबारका दिन निर्वाचन गर्नेगरी निर्वाचन मिति तोक्ने। |
| १० | परराष्ट्र मन्त्रालय | २०८० मङ्सिर २४ र २५ मा कतारको दोहामा आयोजना हुने दोहा फोरम २०२३ मा माननीय परराष्ट्रमन्त्री श्री नारायण प्रकाश साउद नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने । |
| ११ | परराष्ट्र मन्त्रालय | रोमानियाको बुखारेष्टस्थित नेपाली अवैतनिक वाणिज्यदूत श्री नवराज पोखरेललाई अवैतनिक वाणिज्यदूत पदबाट हटाउने। |
| १२ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नाममा दर्ता रहेको ५-०-०-० रोपनी जग्गा बागमती प्रदेश सरकार, यातायात व्यवस्था कार्यालय मोटरसाइकल गुर्जुधारा, काठमाडौंलाई उपयोग गर्न स्वीकृति दिने। |
| १३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको ०-१५-१० विघा सरकारी जग्गा १५ शैयाको आधारभुत अस्पताल भवन निर्माणार्थ पर्सागढी नगरपालिका पर्सालाई उपयोग गर्न स्वीकृति दिने। |
| १४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३९१९ वर्गमिटर सरकारी जग्गा गाउँपालिकाको प्रशासकीय भवन निर्माणार्थ सुनिलस्मृति गाउँपालिका रोल्पालाई उपयोग गर्न स्वीकृति दिने। |
| १५ | श्रम , रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय | साउदी अरेबियाको रियादमा मिति २०८० मंसिर २७ देखि २८ गते सम्म आयोजना हुने 1st Global Labour Market Conference मा सहभागिताको लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारीलाई स्वीकृति प्रदान गर्ने। |
| १६ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरणको सञ्चालक समिति सदस्य त्रिरत्न मानन्धरको राजीनामा स्वीकृत गरी रिक्त सदस्य पदमा काठमाडौं महानगरपालिका-३२, काठमाडौंका अच्युत राज पहाडीलाई मनोनयन |

| | | |
|---|---|---|
| | | गर्ने। |
| १७ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | साँस्कृतिक संस्थानको सञ्चालक समितिको अध्यक्ष पदमा हतुवागढी गा.पा.-२, भोजपुरका श्री चन्द्र कुमार राईलाई तोक्ने। |
| १८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय आमसञ्चार सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| १९ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल मिडिया काउन्सिल सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| २० | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सामाजिक सञ्जालको प्रयोगलाई नियमन (सञ्चालन तथा व्यवस्थापन) गर्ने सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| २१ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेपाल स्वास्थ्य व्यवसायी परिषदको अध्यक्ष पदमा साविक भ्रमरपुरा-५, महोत्तरी निवासी श्री सुवोध कुमार शर्मालाई मनद्दनयन गर्ने। |
| २२ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य बीमा बोर्डको अध्यक्ष पदमा साविक चोकचिसापानी गा.वि.स. वडा नं. ५ तनहुँ निवासी डा. गुणराज लोहनीलाई नियुक्त गर्ने। |
| २३ | नेपाल इन्जिनियरिङ्ग सेवाको समूहीकरण (क्लष्टर) अन्तर्गत राजपत्रांकित विशिष्ट श्रेणीको रिक्त पदमा राजपत्रांकित प्रथम श्रेणीका अधिकृत श्री सरिता दवाडीलाई बढुवा गर्ने। | |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं